# शैल्यशिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.०९३-४०००८६
Email: shailyashikhar.gov@gmail.com
web-shailyashikhar.gov.np


प.स.२०८२।०८३
च.नं १४१६

मितिः २०८३।०२।०१

श्री वडा कार्यालय सवै ।
शैल्यशिखर नगरपालिका, दार्चुला ।

**विषयः योजना कार्यान्वयन सम्वन्धमा ।**

चालू आ.व २०८२/८३ मा यस नगरपालिकाको स्वीकृत कार्यक्रम तथा संघ/ प्रदेशबाट त्यस वडाको कार्यक्षेत्रमा कार्यान्वयन भइरहेका योजनाहरु २०८३/०३/१५ गते भित्र सम्पन्न गराइ सक्न तहां कार्यालयको भुमिका र जिम्मेवारी महत्वपुर्ण रहेको छ । विशेष गरी उपभोक्ता समितिबाट सञ्चालन हुने विकास निर्माणका योजनाहरुमा आयोजनास्थल छनौट, उपभोक्ता समिति गठन, निर्माण सामग्री व्यवस्था र खरिद, श्रमिक मजदुर परिचालन, उपभोक्ताहरुबाट हुनु पर्ने तोकिएको योगदानका लागि श्रमदान, निर्माण कार्यको गुणस्तर र परिमाण, आयोजनाको दिगो उपयोग, उपभोक्ताले अपनत्व लिने व्यवस्था आयोजना हस्तान्तरण, निर्माण कार्यको उपभोक्तास्तर र वडास्तरमा अनुगमन , भुक्तानीका लागि सिफारिस लगायतका विषयमा वडा समिति , वडा प्राविधिक र वडा सचिवको महत्वपुर्ण जिम्मेवारी रहेको छ ।वडाका आम नागरिकबाट निर्वाचित भएका वडा समितिका पदाधिकारीहरुले आफ्नो कार्यकालमा भएका विकास निर्माणका काम गुणस्तरीय गराउने र अनियमित कार्य हुन नदिने दायित्व वहन गरी आम नागरिकमा सुशासनको प्रत्याभुति दिनु अहिलेको प्रमुख आवस्यकता हो ।चालु आ.व को समय कम भएको हुंदा नगरसभाबाट स्वीकृत भएका तथा प्रदेश र संघबाट हस्तान्तरित विकास योजना कार्यान्वयन गर्न उपरोक्त बमोजिम उत्तरदायित्व वहन गरी देहाय बमोजिम गर्न/गराउनु हुन मिति २०८३।०२।०१ को नगर प्रमुखस्तरीय निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१. नियमानुसार गठन भएको उपभोक्ता समिति लाइ योजना कार्यान्वयनमा जिम्मेवार बनाउने । उपभोक्ता समितिबाट गर्ने गरी सम्झौता भएका कामका लागि ठेक्का दिने एवं असम्वन्धित ब्यक्तिलाइ खटनपटन गर्ने जस्ता कार्य हुन नदिने ।
२. उपभोक्ता समितिको तर्फबाट गर्नु पर्ने योगदानका लागि समुदायमा सचेतना र सहजीकरण गर्ने ।
३. काम समयमा सम्पन्न गर्न वडा अनुगमन समितिबाट निरन्तर अनुगमन गर्ने ।
४. उपभोक्तास्तरबाट हुने अनुगमन र सार्वजनिक सुनुवाइमा वडा समितिका पदाधिकारी अनिवार्य उपस्थित हुने
५. भुक्तानीका लागि वडा अध्यक्षले सिफारिस गर्दा सवै कागजात पुरा भए पछि प्रमाणित पञ्जिका सहितका फाइल तयार भएको हेरी जांची पठाउने । अपुरो कागजात लिएर उपभोक्ता पालिका आउदा काम नहुने र सेवाग्राहीको असन्तुष्टि वढ्ने हुंदा आफ्नो वडाका भुक्तानीका फाइल २०८३ आषाढ १५ गते भित्र नगरपालिकामा आइ पुग्ने व्यवस्था गर्ने । त्यस पछि सिफारिस गरिएका फाइलको भुक्तानी गर्न नगरपालिका वाध्य हुनेछैन । यसबाट पर्न जाने असुविधा प्रति सम्वन्धित वडा अध्यक्षले जिम्मेवारी लिनु हुनेछ ।
६. उपभोक्ता समितिलाइ योजना भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातको विवरण भएको पञ्जिकाको ढांचा, अनुगमन प्रतिवेदनको ढांचा यस कार्यालयको वेभसाइट www.shailyashikharmun.gov.np मा राखिएको छ।

(हितप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली ।

CamScanner